अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्या :०१ मिति : २०८१।०१।१२

**भाग-२**

**अन्नपूर्ण गाउँपालिका**

## उद्योग व्यवसाय दर्ता ,नवीकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यविधि (दोस्रो संशोधन), २०८१

उद्योग व्यवसाय दर्ता ,नवीकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यविधि (दोस्रो संशोधन), २०८१

कार्यपालिकाबाट स्वीकृत मिति : २०८१।०१।०३

गाँउपालिका क्षेत्रभित्र उपलब्ध साधन स्रोतको अधिकतम उपयोग गरी आर्थिक समृद्धि हासिल गर्न र बहुसंख्यक जनताको आर्थिक पहुच स्थापित गरी गाँउपालिका क्षेत्रभित्रका उद्योग ,व्यापार , व्यावसाहिक संस्थाको सञ्चालन, व्यवस्थापन र नियमन गर्न बाञ्छनीय भएको र हाल कार्यन्वयनमा रहेको **उद्योग व्यवसाय दर्ता ,नवीकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यविधि, २०७५** मा केही बुँदाहरु थप गरी संशोधन गर्नुपर्ने भएकाले अन्नपूर्ण गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी अन्नपूर्ण गाउँपालिकाको मिति २०८१।०१।०३ गते बसको बैठकले कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

**१) सङ्क्षिप्त नाम र प्रारम्भः-**

(१) यो कार्यविधिको नाम ' उद्योग व्यवसाय दर्ता ,नविकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यबिधी (दोस्रो संशोधन), २०८१' रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

**२) मुल कार्यविधिको दफा ५ को उपदफा २, ३, ४, ५, ६ लाई तपसिल बमोजिम संशोधन गर्ने :**

२) ईट्टा भट्टा, खनिज उत्खन्न वा प्रसोधन गर्ने उधोग क्रसर, मिनिरल वाटर उद्योग, अस्पताल, ३० बेड भन्दा माथिको क्षमता भएका ठुला होटलहरु वा यस्तै अन्य ठुलो प्रकृतिको उधोग।

**- क वर्ग**

३) १५ देखि ३० सम्म बेड भएको आवसीय होटेल, ब्लक उद्योग, फनिर्चर उद्योग, ग्रिल उधोग, फार्मेसी, क्लिनिक, भेटेरिनरी, स्पा, मसाज सेन्टर ।

**- ख वर्ग**

४) १५ बेड सम्म भएको आवसीय होटल, हार्डवयर पसल, किराना पसल, मदिरा पसल, भाँडा पसल, फेन्सी पसल, मोटर ग्यारेज, ईलेक्ट्रोनिक्स इलेक्ट्रिकल पसल, सुनचाँदी पसल ।

**- ग वर्ग**

५ ) फ्रेस हाउस, खाजा घर, रेष्टुरेन्ट, तरकारी फलफूल पसल, बेकरी उद्योग, चिज फ्याक्ट्री, पोल्टी फर्म, कृषि/पशु फर्म, दाना पसलहरु, स्नुकर हाउस, कस्मेटिक पसल, जडिबुटी फर्म ।

**- घ वर्ग**

६) टेलर, ट्युसन सेन्टर, सैलुन, आरन, कुटानी पिसानी मिल, पानी घट्ट, तेलानी मिल, र माथिको वर्गीकरणमा नपरेका व्यापार व्यवसाय गर्ने उद्धेश्यले सञ्चालित व्यवसाय आदि ।

**- ङ वर्ग**

राजपत्रमा प्रकाशित मिति : २०८१।०१।१२

आज्ञाले,

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत